नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

फोन ४२०००००, ४२००२८१, ४२००२९७, ४२००२९९

पत्र संख्याः- ०७२/०७३

चलानी नं.:- 669/073-1-16

**बिषयः- संघिय मामिला तथा स्थानीय विकास सहायक मन्त्रीको स्वागत ।**

मिति २०७३/०१/१५ गते संघिय मामिला तथा स्थानीय विकास सहायक मन्त्री नियुक्त मा. श्री रेशम बहादुर लामाको स्वागतको लागि संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले एक कार्यक्रमको आयोजना गर्यो । कार्यक्रममा मन्त्रालयको परिचय र कार्यबारे संक्षिप्त चर्चा गर्दै सचिव श्री महेन्द्र मान गुरुङले स्वागत गर्नुभयो । नवनियुक्त सहायक मन्त्री मा. श्री रेशम बहादुर लामाले आफूले कार्यान्वयन पक्षलाई जोड दिने र मन्त्रालयका सबै कर्मचारीको सहयोगको अपेक्षा गरेको बताउनुभयो । उक्त अवसरमा राज्यमन्त्री मा. श्री कुन्ती कुमारी शाहीले संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय विकास निर्माण र संघीयता कार्यान्वयनको सन्दर्भमा एक महत्वपूर्ण मन्त्रालय भएको र सवै मिलेर काम गर्नुपने र लक्ष्य हासिल गर्न अझ कटिबद्ध भएर लाग्नुपर्ने बताउदै सहायक मन्त्रीको नियुक्तिले काम गर्न अझ सहज हुने विश्वास व्यक्त गर्नुभयो ।

..............................

(पूर्णचन्द्र भट्टराई)

प्रवक्ता